# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०३/२४**

**छैटौं अधिवेशन**

**(चौबिसौं बैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको चौबिसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

अब आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफलको कार्य प्रारम्भ हुन्छ।

**सर्वप्रथम माननीय दुर्गा कुमारी कामी** :- माननीय सभामुख महोदय सदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माननीय अर्थमन्त्रीज्यूले यो गरिमामय सभामा टेबुल गर्नु भएको छ म यो विधेयकको पक्षमा समर्थन गर्न चाहान्छु । यो विधेयक साच्चीकै असाध्यै राम्रो विधेयक छ सुदूरपश्चिम प्रदेश सरकारले अहिले यो कोरोनाको महामारीमा विभिन्न संकटका बावजुत पनि सुदूरपश्चिम प्रदेश सरकारले बजेट यो गरिमामय सदनमा असाध्यै राम्रो तरिकाबाट ल्याई सकेको छ यो ल्याएको बजेटलाई छिटो र छरितो रुपमा कार्यान्वयन गर्नको निमित्त यो विधेयक छिटो पास गर्नुपर्ने जरुरी देखिन्छ अहिलेको यो विधेयकले ल्याएका धेरै व्यवस्थाहरु राम्रा देखिएका छन् । यसका अनुसूचीहरुका व्यवस्थाहरुलाई हेर्ने हो भने अहिलेको कोरोना महामारीलाई पनि मध्यनजर गरेर करका दायराका कुरा देखि लिएर कर छुटका कुराहरु देखि लिएर धेरै कुराहरु चाहि राम्रो व्यवस्था गरिराखेको छ । सुदूरपश्चिम प्रदेशमा व्यवसाय गर्ने व्यक्तिहरुका लागि र विभिन्न संघ संस्थामा आवद्ध भएका विभिन्न विकासमा सहकार्य गर्ने साझेदारी संस्थाहरुका लागि यो विधेयकले असाध्यै राम्रो व्यवस्था गरेको छ त्यसो भएको कारणले गर्दा यो बजेटलाई कार्यान्वयन गर्नको लागि

पनि र यो श्रावण १ गते देखि नै हाम्रा करका दायरा देखि लिएर हर कुराहरुलाई व्यवस्थित ढंगबाट छिटो छरितो कार्यान्वयमा लिनका लागि यो विधेयक महत्वपूर्ण छ त्यसैले माननीय सभामुख महोदय म यो विधेयकलाई छिटो भन्दा छिटो यो गरिमामय सभाले सर्वसम्मत रुपमा पारित गरियोस भन्न चाहान्छु । सबैलाई आव्हान गर्न चाहान्छु र यो विधेयकको समर्थन गर्न चाहान्छु धन्यवाद ।

३. माननीय सदस्यहरू,

आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गर्न निर्धारण गरिएको अहिलेको समय यही समाप्त हुन्छ । बाँकी छलफल आजै मिति २०७७ साल आषाढ २४ गते दिनको २:०० बजे हुने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।